सिंजा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकुद शाखा
नराकोट सिंजा जुम्ला

कर्णाली प्रदेश नेपाल ।

प.सं.:- २०७८/०७९ | च.नं.:- १४०१ | मितिः- २०७९/०३/२१

श्री सामुदायिक विद्यालय (सबै)
सिंजा गाउँपालिका अन्तरगत ।

विषयः- भानु जयन्ति मनाउने बारे ।

प्रस्तुत विषयमा भानु जयन्ति देशै भरि मनाइदै आइरहेको सन्दर्भमा यही असार २९ गते २०८ औं भानु जयन्ती सिंजा गाउँपालिका भित्रका सवै विद्यालयहरुले विभिन्न साहित्यिक कार्यक्रम गरि मनाउनका लागि जानकारी गराइन्छ । सिंजा गाउँपालिकाको आयोजनामा पालिका भित्रका कक्षा ८ देखि १२ र प्राविधिक शिक्षा तिर अध्ययनरत विद्यार्थीहरुबाट कविता विधामा सम्बन्धित विद्यालयले आन्तिरिक प्रतिस्पर्धा गराई १ जना छात्र र १ जना छात्रा छनौट गरि असार २९ गतेको दिन श्री भैरब मा.वि. नराकोटको प्राङगढमा पालिका स्तरीय प्रतिस्पर्धामा भाग लिनका लागि पठाइदिन हुन अनुरोध गरिन्छ ।

नोटः-

- प्रतिस्पर्धिहरुको रचना संचार माध्यमबाट प्रसारण गरिने छ ।
- प्रतिस्पर्धामा प्रथम,द्धितीय, तृतीय र सान्त्वना हुने छात्र छात्राहरुलाई उचित पुरस्कारको व्यवस्था पनि गरिएको छ ।
- कविताको एक प्रति विद्यालयको चिठी सहित सम्बन्धित विद्यार्थीले असार २९ गते विहान १० बजे दर्ता गराई दर्ता नम्वर लिईसक्नु पर्ने छ ।
- कविताको विषय वस्तु प्रकृति, भानुभक्त आचार्य र देशप्रेम सम्बन्धि हुनुपर्ने छ ।
- छन्दमा लेखिएका कवितालाई प्राथमिकता दिइने छ ।
- आफुले लेखेका कविता स्वयंले वाचन गर्नुपर्ने छ ।
- कसैका रचना साभार गरिएको पाइएमा कविता प्रतियोगितामा भाग लिन दिइने छैन ।

२०७९/०३/२१
भिम रोकाया
शिक्षा प्रमुख
(भिम रोकाया)
शिक्षा प्रमुख

www.sinjamun.gov.np ito.sinjamun@gmail.com